# साहित्य अकादमीको वेबलाइन साहित्य शृङ्खला अन्तर्गत नेपाली भाषाको कार्यक्रम



**खरसाङ, २५ मई (निसं):** साहित्य अकादेमीको वेबलाइन साहित्य श्रृंखला अन्तर्गत आज नेपाली भाषामा कथा-पाठको आयोजन गरिएको थियो। कार्यक्रममा नेपाली भाषाका तीन लेखक सञ्जीव छेत्री, नूरन राई 'जुदु' अनि बिनीता छेत्रीले कथा पाठ गरेका छन्। कार्यक्रमको आरम्भमा ज्योतिकृष्ण वर्मा (सहायक सम्पादक, साहित्य अकादेमी) द्वारा सहभागी लेखकहरुलाई स्वागत गर्दै लेखकहरुको संक्षिप्त परिचय दिइएको थियो । हाल लकडाउनका कारण साहित्य अकादेमीका आयोजन हुन सकिरहेका छैनन। त्यसैकारण नेपाली भाषाको यो वेबलाइन आयोजन आरम्भ गरिएको बताइएको छ। कार्यक्रमको अन्त्यमा सहायक सम्पादक, साहित्य अकादेमी, ज्योतिकृष्ण वर्माले सहभागी लेखकहरुलाई धन्यवाद दिँदै यस्ता आयोजनमार्फत वर्तमानमा साहित्यलाई पाठकसम्म पुर्याउने प्रयास गर्दै छ साथै स्थिति सामान्य नभइन्जेल यस्ता आयोजन निरन्तर रहनेछन् भनी बताए । त्यसरी नै कार्यक्रमका सहभागी लेखकहरुले साहित्य अकादेमी सचिव डा. के. श्रीनिवास राव, अकादेमीका नेपाली भाषा परामर्श समिति संयोजक डा. जीवन नामदुंग अनि सहायक सम्पादक, साहित्य अकादेमी ज्योतिकृष्ण वर्माप्रति आभार ज्ञापन गरेका छन । उक्त कार्यक्रम चांडै साहित्य अकादेमीका विभिन्न सामाजिक सञ्जाल च्यानलहरुमा उपलब्ध हुनेछ भनी अकादेमीको तर्फबाट जनाइएको छ